## कानून बिभाग

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्व-साधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ ।

## २०१२ सालको ऐन नं १२

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कमाण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र-वीरविक्रम शं बहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

## आवश्यक बस्तुसंरक्षण ऐन २०१२

जन-उपयोगका आवश्यक बस्तुविशेषको संरक्षण गर्नुपर्ने आवश्यक देखि-एकाले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र विस्तारः— [क] यो ऐनको नाम 'आवश्यक वस्तुसंरक्षण ऐन, २०१२' रहेको छ ।

[ख] यो ऐन नेपाल राज्यभर लागू हुनेछ ।

२. परिभाषाः— यस ऐनमा आवश्यक वस्तु भन्नाले कुनै टेलिग्राफ, टेलिफोन, रोपवे, बिजुली, रेल्वे, राजमार्ग (मूलबाटो) पुल, ढल, निकास, पाईपलाइन पेट्रोल, पेट्रोलको पंप, खाने पानीको मुहान र सर्वसाधारणको उपयोगको पाटी पौवा, सत्तल र यी वस्तुहरूका साथमा रहेको वा जडान भएको वस्तुहरू समेत सम्झनुपर्छ ।

३. अनधिकृत मानिसले गर्न नपाउने र गरेमा सजायः— कसैले कुनै आवश्यक

९०४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वस्तुमा अरूलाई लगाई वा आफैंले हात हाल्न बिगान भुडाल्न र कुनै किसिमले बिगार्न चोरी गर्न गर्न लाउन हुँदैन। सो गरे गर्न लगाए ऐन सवालले हुने सजायमा थप २ वर्षदेखि ६ वर्षसम्म कैद वा रु १०० देखि १००० सम्म जरीवाना वा दुवै हुनेछ।

तर बनाउन मरमत गर्नेको लागि धनीबाट अधिकार प्राप्त व्यक्तिले चोरी-बाहेक अरू माथि लेखिएका काम गरेमा निजलाई बात लाग्दैन अवितव्य पर्न गै कुनै आवश्यक वस्तुको नोक्सान हुन गएमा सो कुराको खबर मोफसलमा भए नजीकको कुनै सरकारी अड्डामा र सदरमा भए मैजिष्ट्रेट अफिसमा दियो भने यस दफा अन्तर्गतको कसूरदार हुँदैन। नोक्सानी गरेको बिगो भने बुझाउनैपर्छ।

४. अनधिकृत मानिसलाई मद्दत दिन, दबाउन नपाउने र सो गरेमा सजायः—

कुनै स्थानका बासिन्दाहरूले उक्त चोरी बदमासी गर्नेहरूसँग मिले मतो गरेको वा निजहरूलाई मद्दत गरेको वा त्यस्तालाई राखे पालेको अथवा ती चोर बदमासलाई लुकाई छपाई राखेको वा कसूरबाट बचाउन खोजेको वा नियमारी रोक्न नखोजेको वा जानी जानी खबर नदिएको भए त्यस्ता मानिसलाई दफा ३ बमोजिम सजाय हुनेछ।

५. मैजिष्ट्रेट, बडाहाकिम वा हाकिमको अधिकारः— आवश्यक वस्तुको सबैले हेरचाह गर्ने गर्नुपर्छ, सो नगरी कुनै इलाकामा आवश्यक वस्तु बराबर चोरी वा अरू कुनै किसिमसग हानि नोक्सानी भै सरकारले पुलीस चौकी पालो पहरा इत्यादि थप मद्दत राख्नुपरेमा सो मद्दत राख्दा लाग्न गएको खर्च त्यस इलाकाका स्थानीय जनताले बेहोर्नुपर्नेछ।

६. कसूरदारउपर मनासीबमाफिकको शक्ति प्रयोग गर्ने अधिकारः— कसूर-दारलाई वारदात भएको ठाउँमा पक्राउ गर्दा जबरजस्ती हूलहुज्जत गेरी उम्कन खोज्यो भने त्यस्तालाई उम्कन दिन हुँदैन. सो गर्दा हतियार नचलाई नहुने भएमा हेड कन्सटेबूल र सोभन्दा माथिका कुनै पुलीस अफिसरले भरसक घुँडामुनी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बन्दूक हतियार चलाई गोली हानी पक्राउ गर्नुपर्छ। लेखिएबमोजिम गरेकोमा सो गर्ने सरकारी कर्मचारीहरूलाई बात लाग्नेछैन।

७. किन्ने बेच्नेलाई सजायः— आवश्यक बस्तु सम्बन्धी माल चोरीको हो भन्ने जानी जानी किन्ने बेच्ने राख्नेलाई दफा ३ बमोजिम सजाय हुनेछ।

८. काम हुन नपाउँदै पक्रिनेलाई सजायः— आवश्यक बस्तु चोर्न वा नोकसान गर्न गएको ठाउँमा पुगी काम गर्न आँटेको मौकामा वा गरिरहेकै मौकामा काम हुन नपाउँदै पक्राउ पर्नेलाई अघि त्यस्तै कसूरमा सजाय पाएको रहेनछ भने १ वर्ष कैद गर्नुपर्छ। अघि सजाय पाएको रहेछ भने लेखिएका कैदको दोबर बढाई कैद गर्नुपर्छ।

९. मुद्दा हेर्ने अख्तियारः— यस ऐनअन्तरगतका मुद्दाहरू मोफसलमा भए गौंडा, गढी, गोस्वाराका हाकिम बडाहाकिमले र सदरमा भए मजिष्ट्रेटले हेरी किनारा गर्नुपर्छ र त्यसउपरको अपील प्रधान न्यायालयमा लाग्नेछ।

१०. यस ऐनमा नलेखिएकोमा गर्ने कामः— यस ऐनमा लेखिएको जति यही ऐनबमोजिम र अरूमा भैरहेका ऐन सवालबमोजिम गर्नुपर्छ।

इति संवत् २०१२ साल कार्तिक १८ गते रोज १ शुभम् —।

आज्ञाले—

रत्नबहादुर बिष्ट,

सेक्रेटरी— कानून तथा संसदीय प्रबन्धविभाग

आधिकारिकता १०६ विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।